मिति : २०६६।३।४

## प्रेस विज्ञप्ती

### *अनुसन्धानको माग गर्दै पीडित परिवार पुनरावेदन अदालतमा ...*

बिभिन्न १२ जिल्लाहरुमा घटेका २८ वटा गम्भीर मानवअधिकार उल्लंघनका घटनाहरुमा सिघ्र अनुसन्धान गर्नु भनी अनुसन्धान निकायका नाममा परमादेश जारी गरीपाउँ भनी पीडित परिवारका सदस्यहरूले एड्भोकेसी फोरमको कानूनी सहायतामा सम्बन्धित पुनरावेदन अदालतसमक्ष आज निवेदन दर्ता गराएका छन् । यी मुद्दाहरूमध्ये २४ वटा घटना विगत द्वन्द्वमा घटेका गैरन्यायीक हत्या र जवरजस्ती वेपतासँग सम्बन्धित छन् र ती घटनासम्बन्धमा जाहेरी दर्ता भएपनि लामोसमयदेखि अनुसन्धान नभएको अवस्था छ । बाँकी ४ वटा घटनाका सम्बन्धमा भने प्रहरीले जाहेरी दर्ता गर्न नै इन्कार गरिआएको थियो ।

विद्यमान नेपाल कानूनमा यस्ता घटनाहरुको अनुसन्धान गरी सरकारी वकील समक्ष प्रतिवेदन बुझाउनु पर्ने कर्तव्य नेपाल प्रहरीको रहेको भएतापनि प्रभावकारी अनुसन्धान गर्ने आफ्नो कानूनी दायित्व पुरा गर्न प्रहरी असक्षम रहिआएको छ । यस्ता मुद्दामा हालसम्म एकजना पनि दोषीलाई नागरीक अदालतमा नउभ्याइनुले नेपालको फौजदारी न्याय प्रणाली प्रभावकारी ढङ्गले न्याय प्रदान गर्नमा असफल भएको पुष्टि हुन्छ ।

घटनासम्बन्धी २४ वटा जाहेरी दरखास्तहरु २०६३ मंसिरदेखि २०६५ आश्विन बीचमा दर्ता भएका थिए भने ४ बटा जाहेरी दर्खास्त पटकपटक दर्ता गर्न लैजाँदा समेत प्रहरीद्धारा दर्ता गर्न इन्कार गरिएका थिए । जाहेरी दरखास्तमा प्रहरीद्वारा अनुसन्धानमा गरिएको ढिलाईले पिडितको न्याय पाउने हकमात्र कुण्ठित नभई यसले दण्डहीनताको कु-संस्कारलाई बढावा दिएको दाबी निवेदकहरुले गरेका छन् । आफूसँग सम्बन्धित कहालीलाग्दा घटनाहरूसम्बन्धमा लामो समयसम्म पनि अनुसन्धान गर्न प्रहरीले चासो नदेखाएकाले ३ महिना भित्र पुर्ण अनुसन्धान गर्न प्रहरीका नाममा आदेश माग गर्दै पीडितहरूले न्यायलयको ढोका ढक्ढक्याएका हुन् ।

पटकपटक व्यक्त प्रतिबद्धताका बाबजुद पीडितहरूको न्यायको अधिकार सुनिश्चित गर्न तथा दोषी पीडकलाई जबाफदेही बनाउनमा पूर्ववर्ती सरकारहरू पूर्णरुपमा असफल भए । कानूनको शासनमा बिना भेदभाव जबाफदेहीतालाई स्थापित गर्नुपर्दछ । तसर्थ गम्भिर मानवअधिकार उल्लंघनका घटनाहरुको अनुसन्धान गरी दोषीलाई जबाफदेही बनाउन र पिडितहरुको सत्य जान्न पाउने तथा न्याय र परिपुरणको अधिकार सुनिश्चित गर्न एड्भोकेसी फोरम बर्तमान सरकार समक्ष माग गर्दछ ।

न्यायप्राप्तिको लागि पीडितहरूलाई कानूनी सहायता प्रदान गर्दै पीडितहरूका साथ रहिआएको एड्भोकेसी फोरम सम्पूर्ण पीडितहरूको न्यायिक लडाईंलाई समर्थन गर्दै सदैव उनिहरुको साथमा रहने प्रतिबद्धता व्यक्त गर्दछ ।

एड्भोकेसी फोरमले देहाएका मुद्दाहरुमा परमादेश निवेदन दर्ता गर्न कानूनी सहायता प्रदान गरेको छ । घटनाहरूको विस्तृत विवरण एड्भोकेसी फोरम र ह्यूमानराईट्स वाचद्वारा प्रकासित संयुक्त प्रतिवेदन Waiting for Justice (http://www.hrw.org/en/reports/2008/09/11/waiting-justice-0) मा हेर्न सकिनेछ ।



**Head Office:** Shantiniketan Marga 94/1416, Gairidhara, Kathmandu, P.O. Box: 21798 Tel: 977-1-4004007/4004008
Fax: 4437440 email: info@advocacyforum.org.np URL: http:// www.advocacyforum.org

| सि.नं. | पिडितको नाम | जाहेरी मिति | घटना मिति | ठेगाना |
|---|---|---|---|---|
| १ | पहलबिर विक | २०६३।११।२० | २०६१।३।२७ | बाग्लुङ्ग |
| २ | राजु विक | २०६३।१२।१९ | २०५८।११।२० | बाग्लुङ्ग |
| ३ | गंगा गौचन | २०६३।११।२० | २०६१।३।२७ | बाग्लुङ्ग |
| ४ | चन्द्रबहादुर विक | २०६३।१२।२९ | २०५९।९।२५ | म्याग्दी |
| ५ | खगेन्द्र बुढाथोकी | २०६३।१२।२९ | २०५८।९।२३ | म्याग्दी |
| ६ | धन बहादुर तामाङ | २०६५।६।२९ | २०६१।६।११ | मोरङ |
| ७ | पूर्ण श्रेष्ठ | २०६५।६।२९ | २०६२।६।२९ | मोरङ |
| ८ | माधुराम गौतम | २०६५।६।२९ | २०६१।९।३ | मोरङ |
| ९ | रुपा थारु | २०६४।७।२९ | २०५९।४।५ | बर्दिया |
| १० | भौना थारु | २०६३।४।८ | २०५९।२।१६ | बर्दिया |
| ११ | केशर बहादुर बस्नेत | २०६३।११।७ | २०५८।११।२७ | बर्दिया |
| १२ | मनोज कुमार दत्त | २०६३।७।२ | २०६०।६।२५ | धनुषा |
| १३ | राम चन्द्र लाल कर्ण | २०६३।७।२ | २०६०।६।२५ | धनुषा |
| १४ | नारायण प्रसाद कनौजे | २०६३।८।१४ | २०६१।१२।९ | पाल्पा |
| १५ | टेक वहादुर गाहा | २०६३।८।१४ | २०६१।१२।९ | पाल्पा |
| १६ | दल बहादुर दर्लामी | २०६३।८।१४ | २०६१।१२।९ | पाल्पा |
| १७ | चोतनाथ घिमिरे | २०६३।८।३ | २०५८।१०।२० | लमजुङ्ग |
| १८ | शेखरनाथ घिमिरे | २०६३।८।३ | २०५८।१०।२५ | लमजुङ्ग |
| १९ | गंगा बहादुर नेपाली | २०६३।१२।२३ | २०५९।१।१६ | तनहुँ |
| २० | श्याम सुन्दर कैनी | २०६३।१२।२३ | २०६३।१।१६ | तनहुँ |
| २१ | पावती थापा र दल बहादुर थापा | २०६४।४।१९ | २०५९।५।२५ | बाँके |
| २२ | धनी राम चौधरी | २०६४।७।१२ | २०६१।६।१३ | बाँके |
| २३ | कमल दाहाल | २०६५।१।२२ | २०५८।९।१७ | बाँके |
| २४ | जय लाल धामी | २०६४।२।२७ | २०६१।११।११ | डडेल्धुरा |
| २५ | बिशाल नेम्वाङ्ग | जाहेरी दर्ता नभएको | २०६५।३।२५ | झापा |
| २६ | रमा देवि अधिकारी | जाहेरी दर्ता नभएको | २०६२।३।१९ | झापा |
| २७ | बिनोद पोखेल | जाहेरी दर्ता नभएको | २०५९।२।४ | उदयपुर |
| २८ | देशराज राई | जाहेरी दर्ता नभएको | २०६०।७।२० | उदयपुर |

मन्दिरा शर्मा
कार्यकारी निर्देशक



**Head Office:** Shantiniketan Marga 94/1416, Gairidhara, Kathmandu, P.O. Box: 21798 Tel: 977-1-4004007/4004008
Fax: 4437440 email: info@advocacyforum.org.np URL: http:// www.advocacyforum.org